**प्रेस विज्ञप्ती**

# तीन ओटा कृषि सम्बन्धी ऐनको विरोध गरिरहेका भारतीय किसानहरुको आन्दोलनप्रति ऐक्यबद्धता

भारत सरकारले सेप्टेम्बर २०२० मा सरोकारवालाहरुसँग कुनै छलफल नै नगरी अध्यादेशमार्फत पारीत गरेका कृषिसम्बन्धी विवादित तीन ओटा केन्द्रीय ऐनहरु – किसानको उत्पादन व्यापार र वाणिज्य (प्रबर्द्धन र सहजिकरण) ऐन, किसान (सशक्तिकरण र संरक्षण) मूल्य सुनिश्चितता र कृषि सेवा सम्झौता ऐन र आबश्यक बस्तु (संशोधन) ऐन, – फिर्तालिनु पर्ने माग गर्दै २६ नोभेम्बर २०२० देखी भारतीय किसानहरुले प्रदर्शन गरिरहेका छन् । ती कानुनी व्यवस्थाले मूलतः किसानले पाईरहेको न्यूनतम समर्थन मूल्य हटाएको, स्थानीय सब्जी मण्डी खारेज गरेको, कृषि उपजको भण्डारण सीमा हटाएको र कृषि क्षेत्र कर्पोरेट क्षेत्रलाई सुम्पिन खोजेको विषयलाई लिएर किसानहरु आन्दोलित छन् । उक्त किसान आन्दोलनप्रति नेपालको भूमि तथा कृषि अधिकार अभियानको तर्फबाट ऐक्यबद्धता जाहेर गर्दछौं । हिउँदको कठ्याङ्ग्रिदो जाडो  र कोरोना संक्रमणको जोखिमका बाबजुद पनि किसानहरु निरन्तर आन्दोलनमा छन् । किसान विरोधी ऐन ल्याउने सरकारको कदमप्रति आक्रोशित हजारौं किसानहरुले गरिरहेको प्रदर्शनप्रति हामी ऐक्यबद्धता जनाउँदछौं ।

भारतीय कृषि क्षेत्र कब्जागरी यसमा संलग्न ६० प्रतिशतभन्दा बढी किसानहरुको खाद्य सुरक्षामा असर गर्ने कर्पोरेट क्षेत्रलाइ सघाउने सरकारको नीतिगत प्रतिगामी कदमको भर्त्सना गरिरहेका किसानहरुसँगै हामी काँधमा काँध मिलाउँछौं । यी ऐनहरु लागु भए भने ८५ प्रतिशत भन्दा बढी साना किसानहरुलाई उनीहरुकै जमिनबाट बेदखल गरिने र ५० करोड भूमिहीन तथा कृषि श्रमिकहरुको सामाजिक तथा आर्थिक अबस्था र जीवनयापनको सम्भावना अझ कष्टकर हुने देखिन्छ ।

हामी भारत सरकारलाई सेप्टेम्बर २०२० मा पारीत यि बिवादित तीन वटा कृषि ऐन फिर्ता लिन र किसानको मागलाई सम्बोधन गर्न हार्दिक अपिल गर्दछौं ।

किसानहरुको नेतृत्वमा ग्रामीण किसान तथा भूमिमा निर्भर समुदायको भूमि अधिकार, खाद्य सुरक्षा र खाद्यसम्प्रभूता रक्षाकालागि किसान विरोधी ऐनहरु खारेज गर्न गत ८ हप्ता देखि भईरहेको ऐतिहासिक अभियानप्रति नेपालको भूमि कृषि अभियानलाई समर्थन गर्न सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं ।

*कृषिमा नवउदारवादी नीतिहरु बहिष्कार गरौं ।*

**<u>भारतीय किसानहरुको प्रदर्शनलाई समर्थन गर्ने नेपाली संघसस्थाहरु</u>**

१. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

२. राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल

३. भूमि शासनकालागि कार्य समूह

४. भूमि अनुसन्धान तथा नीति सम्वादकालागि सहकार्य (कोलार्प)

५. अभियान नेपाल

६. खाद्यकालागि कृषि अभियान

८. फियान नेपाल

९. राष्ट्रिय कृषक समुह महासंघ

१० अखिल नेपाल किसान महासंघ

११. महिला किसान संघ नेपाल

१२. अखिल नेपाल पशुपालक किसान संघ

१३. अखिल नेपाल कुखुरापालक किसान संघ (क्रान्तिकारी)

१४. अखिल नेपाल तरकारी उत्पादक किसान संघ

१५. अखिल नेपाल फलफूल उत्पादक किसान संघ

१६. अखिल नेपाल उखु उत्पादक किसान संघ

१७. अखिल नेपाल कफि उत्पादक किसान संघ

१८. अखिल नेपाल मत्स्यपालक किसान संघ

१९. अखिल नेपाल मसलाबाली उत्पादक किसान संघ

२०. ग्रामीण कृषि कार्यकर्ता सञ्जाल नेपाल

**२०७७ माघ १३ गते**

प्रस्तावित